नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यकारी निर्देशक पदपूर्तिका लागि दरखास्त आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।८।१

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम २३ बमोजिम प्रतिस्पर्धाको आधारमा कोषको कार्यकारी निर्देशक पदको पदपूर्तिका लागि सिफारिस गर्न यो सूचना प्रकाशन गरिएको छ । ऐ. नियमावलीको नियम २३ को उपनियम (४) बमोजिम न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र युवा, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरबारस्थित सिफारिस समितिको सचिवालय, प्रशासन शाखामा तोकिएको ढाँचामा कार्यालय समयभित्र दरखास्त दिनुहुन सूचित गरिन्छ । साथै दरखास्तसँग सम्बन्धित विस्तृत सूचना तथा दरखास्त फाराम एवं स्वघोषणाको ढाँचा यस मन्त्रालयको वेबसाइट (website) **www.moyle.gov.np** मा उपलब्ध रहेको व्यहोरा जानकारी गराइन्छ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यकारी निर्देशक पदपूर्तिका लागि दरखास्त आह्वानको विस्तृत सूचना

गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित मितिः २०८३/८/१

युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम २३ बमोजिम प्रतिस्पर्धाको आधारमा कोषको कार्यकारी निर्देशक पदको पदपूर्तिका लागि सिफारिस गर्न यो सूचना प्रकाशन गरिएको छ। ऐ. नियमावलीको नियम २३ को उपनियम (४) बमोजिम न्यूनतम योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र युवा, श्रम तथा रोजगार मन्त्रालय, सिंहदरवारस्थित सिफारिस समितिको सचिवालय, प्रशासन शाखामा तोकिएको ढाँचामा दरखास्त दिन हुन सूचित गरिन्छ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ। थप जानकारीका लागि यस मन्त्रालयको प्रशासन शाखामा (सम्पर्क नम्बर ९७६९७६१०५८) सम्पर्क गर्न सकिनेछ।

१. **न्यूनतम शैक्षिक योग्यता र अनुभवः** युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ को नियम २३ को उपनियम (४) बमोजिम देहायको योग्यता पुगेको उम्मेदवारले दरखास्त दिन सक्नेछः-

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

(ग) मान्यता प्राप्त विश्व विद्यालयबाट अर्थशास्त्र, वाणिज्य शास्त्र, वाणिज्य कानून वा व्यवस्थापन विषयमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको,

(घ) बैंक, वित्तीय वा आर्थिक क्षेत्रमा कम्तिमा अधिकृतस्तरको व्यवस्थापकीय जिम्मेवारीमा रही कम्तिमा दश वर्षको कार्य अनुभव हासिल गरेको,

(ङ) तत्काल कुनै राजनीतिक दलको सदस्य नरहेको।

२. **पेश गर्नुपर्ने कागजात तथा विवरणहरू**

(क) रितपूर्वक भरेको अनुसूची -२ बमोजिमको दरखास्त फारम

(ख) नेपाली नागरिकता वा राष्ट्रिय परिचयपत्र, शैक्षिक योग्यता, कार्यअनुभव खुलेको प्रमाणपत्र, विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण भएको प्रमाणपत्र, उम्मेदवारको विस्तृत विवरण भएको वैयक्तिक विवरण,

(ग) कार्यविधि बमोजिमको व्यवसायिक कार्ययोजना,

(घ) अनुसूची-३ बमोजिमको स्वघोषणा पत्र

(ङ) दरखास्त दस्तुर वापत देहायको विवरणबमोजिम मन्त्रालयको राजस्व खातामा रु. २५००।०० जम्मा गरेको भौचर

कार्यालय कोड	३ ७ १ ० ० ३ ५ ० १
राजश्व शिर्षक नं	१ ४ २ २ ९
राजस्व खाता नं	१ ० ० ० १ ० ० २ ० ० ० १ ० ० ० ०

अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यकारी निर्देशक पदका लागि दरखास्त फारम

(१) दरखास्त पेश गर्ने व्यक्तिको

(क) नामथरः

(ख) नागरिकता नं र जारी जिल्लाः राष्ट्रिय परिचयपत्र नम्बर र जारी गर्ने निकायः

(ग) स्थायी ठेगानाः अस्थायी ठेगानाः

(घ) जन्म मितिः फोन/मोवाइल नः

(ङ) इमेलः फेसबुक/ट्वीटर/लिङ्कडइनः

(२) शैक्षिक योग्यताको विवरणः

क्र सं	उपाधि	विश्वविद्यालय	श्रेणी वा CGPA	उतिर्ण साल	कैफियत

(३) अनुभवको विवरण

क्र. सं.	काम गरेको निकाय	पद	मुख्य कार्यविवरण	कैफियत

(४) तालिमको विवरण

क्र. सं.	तालिमको नाम	प्रदान गर्ने निकाय	तालिम अवधि	विषयक्षेत्र	कैफियत

(५) अध्ययन, अनुसन्धान, लेख रचना वा अन्य प्रकाशन

क्र. सं.	प्रकाशनको नाम	प्रकाशित गर्ने निकाय	प्रकाशित मिति	विषयक्षेत्र	कैफियत

(६) संलग्न कागजात र विवरणहरू

क्र सं	कागजात विवरण	पाना सङ्ख्या
१	नेपाली नागरिकताको प्रमाणपत्र	
२	वैयक्तिक विवरण	
३	शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि	
४	अनुभवको प्रमाणपत्रहरूको प्रतिलिपि	
५	व्यावसायिक कार्ययोजना	
६	स्वघोषणा सम्बन्धी कागजात	
७	अन्य कागजातहरू (कृपया उल्लेख गर्नुहोस)	

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो झुठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

औंठाको छाप	
दायाँ	**बायाँ**

दस्तखतः **मितिः**

पुनश्चः कृपया दरखास्त पेश गर्नु पूर्व युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यकारी निर्देशक सिफारिस सम्वन्धी कार्यविधि, २०८३ अध्ययन गर्नुहुन अनुरोध छ।

अनुसूची-३

(दफा ५ को देहाय (ङ) सँग सम्बन्धित)

स्वघोषणा पत्र

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि **युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यकारी निर्देशक** पदमा छनौट हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेश गरेको छु।

१. **नाम, थर (नेपालीमा):**

Name (In English):

२. **जन्म मितिः वि.सं.:** **इ.सं.:**

३. **स्थायी ठेगानाः**

४. **अस्थायी ठेगानाः**

नागरिकता प्रमाणपत्र / राष्ट्रिय परिचयपत्र नं.: **जारी मिति र जिल्लाः**

५. **सम्पर्क नं.:**

६. **इमेलः**

७. **शैक्षिक योग्यताः**

८. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

९. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

१०. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

११. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।

१२. व्यावसायीक योजनामा व्यक्तिगत पहिचान खुल्ने कुनै संकेत गरेको छैन।

१३. युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ र युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यकारी निर्देशक नियुक्तिको सिफारिस सम्बन्धी कार्यविधि, २०८३ को व्यवस्था प्रति पूर्ण जानकार रही पूर्ण पालना गर्न प्रतिवद्ध छु।

मैले माथि गरिदिएको स्वघोषणाको व्यहोरा ठिक साँचो हो। झुट्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

<u>स्वघोषणा गर्ने व्यक्तिको</u> -

दस्तखतः

<u>दायाँ</u> <u>बायाँ</u>

मिति :

<u>स्वघोषणा गराउने अधिकृतको</u> -

दस्तखतः

नाम, थरः

पदः

कार्यालयः